# ककनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रानीपौवा, नुवाकोट
बागमती प्रदेश, नेपाल

# बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९।०४।०३ गते)

**आ.व. २०७९।०८० को लागि, ढुंगा, बालुवा, गिटी, ग्राभेल, रोडा लगायतका नदीजन्य सामाग्रीको संकलन तथा विक्रि कर उठाउने ठेक्का बन्दोबस्त सम्बन्धी सूचना**

ककनी गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोटले स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को घ (६), सार्वजनिक खरिद ऐन तथा नियमावली, यस गाउँपालिकाको राजस्व परामर्श समितिको मिति २०७९।०३।३० गते को बैठकको सिफारिस एवं गाउँ कार्यपालिकाको मिति २०७९।०३।३१ को बैठकको निर्णय बमोजिम चालु आ.ब. २०७९/०८० को बाँकी अवधिको लागि ककनी गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका सिस्नेरी, चाउथे, बालुवा, पात्ले, सादी, बाच्छबिच्चे, कोल्पु खोलाको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा उल्लेखित मध्ये देहायको परिमाणको ढुङ्गा, बालुवा, रोडा, गिट्टी, ग्राभेल आदि नदीजन्य पदार्थहरुको संकलन तथा विक्री कर एवं कवाडी सामान र निर्यातजन्य सामानहरुको निकासी कर असूली सम्बन्धी कार्यहरु गर्नको लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक फर्महरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र (२०७९।०५।०३ भित्र) यस कार्यालयको कृषी बिकास बैंक, रानीपौवा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ०२१३४०१२५१०३४०९३ मा वोलपत्र दस्तुर वापतको रु ५०००।०० पाँच हजार (फिर्ता नहुने गरी) नगद जम्मा गरेको भौचरको Scan कपी र चालु आ.व.मा नविकरण भएको ईजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७७/०७८ को करचुक्ता प्रमाणपत्र सहित बोलपत्र फारम भरी ३१ औं दिन (मिति २०७९।०५।०३) दिनको १२:०० बजे सम्म आफूले कबोल गरेको अय्को ५५ धरौटी रकम कृषी बिकास बैंक, रानिपौवा शाखामा रहेको धरौटी खाता नं. ०२१३४०१२५१०३४०४२ मा नगदै दाखिला गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त क वर्गको बाणिज्य बैंकहरुबाट जारी भएको १२० दिन म्याद भएको सक्कलै बैक ग्यारेन्टी (Bid Bond) संलग्न राखी सार्वजनिक खरिद अनुगमन कार्यालयको Website centralize EGP portal www.bolpatra.gov.np मार्फत पेश गर्न सकिनेछ। रीतपूर्वक पर्न आएका बोलपत्रहरु ३१ औं दिन दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र नेपाल सरकारको कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। पारित भएका करका दररेट, बोलपत्र फारम र अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशील

| ठेक्का नं. | विवरण (शीर्षक) | उत्खनन् परिमाण (क्यु फिट) | कूल न्यूनतम अङ्क (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|
| 079/80/01/KRM/RA-JSW | नुवाकोट जिल्ला, ककनी गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका सिस्नेरी, चाउथे, बालुवा, पात्ले, सादी, बाच्छबिच्चे, कोल्पु खोला किनारबाट संकलन र विक्री हुने ढुङ्गा, बालुवा, गिट्टी, ग्राभेल, रोडा आदि नदीजन्य पदार्थहरुमा कर असूल गर्ने<br>१. ढुंगा, गिटी, वालुवा, ग्राभेल संकलन र विक्री कर प्रति क्यु फिट रु ९।०० का दरले | २०८९८९६.५ क्यु फिट | १८८०९०६८.५ | ५०००।०० |
| | २. कवाडी फलाम तथा सामानहरु, कागज, बोतल एवं टोकरी, थुन्सेको निकासी कर | | ५४०००० | |
| | कुल जम्मा | | रु १९३४९०६८.५ (एक करोड तिरानब्बे लाख उनन् चास हजार अठसठ्ठी र पाँच पैसा मात्र) | |

**शर्त तथा बन्देज**

१. सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२.०० बजेसम्म E-Bidding मार्फत सार्वजनिक खरिद अनुगमन कार्यालयको Website centralize EGP portal www.bolpatra.gov.np मा Annex to Bidding data sheet for provision of E-bidding मा सबै कागजातहरु Scan गरी PDF format, मा बोलपत्र पेश गर्न सकिने छ। बोलपत्र खरिद तथा दर्ता गर्ने दिन सार्वजनिक विदा परेमा विदा पश्चातको कार्यालय खुल्ने दिनलाई क्रमशः खरिद र दर्ताको मिति मानिनेछ तर वैंक ग्यारेन्टीको हकमा सूचनामा उल्लेखित मितिबाटै जारी भएकोलाई मान्यता दिइनेछ।

२. नेपाल सरकार, बागमती प्रदेश सरकार र ककनी गाउँपालिकाले समय समयमा दिएको निर्देशन बोलपत्रदाताले पालन गर्नु पर्नेछ।

३. ठेकेदार र गाउँपालिका बीच ठेक्का शर्त सम्बन्धमा कुनै बिवाद उठेमा कार्यपालिकाको निर्णय अन्तिम र मान्य हुनेछ। यसमा ठेकेदारको कुनै उजुर लाग्ने छैन। बोलपत्र स्वीकृत भई सम्झौता हुँदा वातावरण संरक्षण ऐन, नियमावली लगायत प्रचलित ऐन नियम अनुसारका शर्त तथा बन्देज समेत पालन गर्नु पर्नेछ।

४. फर्मले कबोल गरेको अंकको मू.अ.कर बापतको रकम चौमासिक रुपमा गाउँपालिका मार्फत भुक्तानी गर्नु पर्नेछ र अन्य कर शुल्क लागेमा ठेकेदार आफैंले असूल गरी प्रचलित कानून बमोजिम दाखिला गर्नु पर्नेछ।

५. ठेक्का स्वीकृत भएको ७ दिन भित्र कबुल अंकको रकम एकमुष्ट बुझाएमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ। प्रथम किस्ता ४० प्रतिशत रकम, एकमुष्ट ठेक्का सम्झौता अगावै जम्मा गर्नु पर्नेछ। बाँकी ६० प्रतिशतले हुने रकम (मु.अ.कर समेत) ठेक्का सम्झौतामा तोकिए बमोजिम बुझाउनु पर्नेछ।

६. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट असूल उपर गर्ने गरी कानूनी प्रक्रिया अपनाइनेछ। असूल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतिपूर्ति स्वरुप असूल उपर गर्न सकिनेछ।

७. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रीत नपुगेको बोलपत्र माथि कुनै कारबाही गरिने छैन।

८. परिस्थितिजन्य कारण देखाइ ठेक्का रकममा मिनाहा वा छुट दावी गर्न पाइने छैन।

९. नदी खोला वरपरका प्रत्यक्ष प्रभावित एवं गाउँपालिका भित्र बसोबास गर्ने निजी घरवाँस निर्माण गर्ने घरको लागि नदी किनारबाट मानिस आर्फैले उत्खनन् गरी सिधै उपभोग गर्ने निर्माणमुखि बस्तुहरुमा कुनै पनि कर लिन पाइने छैन।

१०. बोलपत्र पेश गर्ने फर्म वा कम्पनीले आफ्नै नामको फर्मबाट पेश गर्नु पर्नेछ। अन्य कुनै फर्म वा कम्पनीको नामबाट पेश गरेको बोलपत्र मूल्यांकनमा समावेश गरिने छैन।

११. तोकिएको स्थानबाट मात्र कर संकलन गर्न पर्नेछ।

१२. यो सूचनामा उल्लेख भएकोमा यसै बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**प्रमुख प्रशासकिय अधिकृत**